श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानले संयुक्त राज्य अमेरिकाबाट आयात गर्ने अमेरिकी डलर २१,८८१।– मूल्य बराबरको कम्प्युटरको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी आनन्दकुटी विद्यापीठ स्वयम्भु काठमाडौंले शैक्षिक सामग्रीहरू उत्पादन गर्नको लागि झिकाइएको जापानमा बनेको अमेरिकी डलर १,२००।– मूल्य बराबरको मिटा डिसी–।।। प्लेन पेपर कपियर मेशिनको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।